२०७५ सालको कार्यविधि नं. ७

# संघ /संस्था नियमन तथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०७५

त्रिवेणी गाउँपालिका
लुहाम,सल्यान
कर्णाली प्रदेश

## संघ/संस्था नियमन तथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।३।२८

प्रस्तावना : त्रिवेणी गाउँपालिकामा आउने विभिन्न संघ संस्थाहरुको नियमन तथा व्यवस्थापन गरी तिनका माध्यमबाट संचालन हुने कार्यक्रम/आयोजनाहरुबाट जनताले बढी भन्दा बढी लाभ लिन सकुन् भन्ने ध्येयका साथै काममा एकरुपता तथा नीतिगत स्पष्टताको आवश्यकता महशुस गरी त्रिवेणी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

### परिच्छेद- १

### प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ : (१) या "कार्यविधिको नाम "संघ/संस्था नियमन तथा व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,२०७५" हुनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,

(क) "संघ संस्था" भन्नाले नेपालमा दर्ता भएका नाफामुलक वा गैरनाफामुलक संघ संस्थालाई बुझाउँछ। यसले अन्तराष्ट्रिय कार्यक्षेत्र भएका नेपालमा काम गर्ने गरी आएका संघ संस्थालाई समेत बुझाउँछ।

(ख) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिकालाई जनाउँछ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "वडा" भन्नाले त्रिवेणी गाउँपालिकाको वडालाई जनाउँछ।

(घ) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रिवेणी गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(च) "वडा अध्यक्ष" भन्नाले त्रिवेणी गाउँपालिकाभित्रका वडाहरुका वडा अध्यक्षलाई सम्झनु पर्छ।

(छ) "सूचिकरण " भन्नाले त्रिवेणी गाउँपालिकामा काम गर्नको लागि सामान्य दर्ता हुने कार्यलाई सम्झनु पर्छ।

(ज) "स्वीकृति" भन्नाले काम गर्नको लागि अनुमति भन्ने सम्झनु पर्छ।

### परिच्छेद २

### संस्था सूचिकरण,स्वीकृति तथा नियमन

३. संस्था सूचिकरण गर्ने :(१) त्रिवेणी गाउँपालिकामा काम गर्न इच्छा भएका स्वदेशी विदेशी संघ संस्थाहरुले तपसिलका कागजातहरु संलग्न राखी गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ :

(क) सूचिकरणको निवेदन

(ख) नवीकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि (समाज कल्याण परिषद् तथा जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको)

(ग) भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि

(घ) कर चुक्ता प्रमाण कागजको प्रतिलिपि (कर बुझाउनु नपर्ने भए सो सम्बन्धी कर कार्यालयबाट जारी पत्रको प्रतिलिपि)

त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय त्रिवेणी, सल्यान

प्रमाणित २०७५ ०८।०९।१

बहादुर डाँगी गाउँपालिका अध्यक्ष

(ङ) दस्तुर बुझाएको रसिद
(च) विधानको फोटोकपी

(२) नेपाल सरकारको कार्यक्रमसंग आवद्ध भएका बाहेक अन्य अन्तराष्ट्रिय संघ संस्थाको लागि पनि सोही प्रावधान लागु हुनेछ ।

४. त्रिवेणी गाउँपालिका क्षेत्रमा गाउँपालिकाको सहकार्यमा कुनै काम गर्न चाहेमा कामको विस्तृत विवरण सहित स्वीकृति माग गर्नुपर्ने :(१) स्वीकृतिको लागि निवेदन दिएका संघ संस्थाको निवेदन सम्बन्धित शाखाले अध्ययन गरी ७ दिन भित्र स्वीकृत गर्ने नगर्ने सम्वन्धमा राय सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) निवेदन रीतपूर्वकको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षको अनुमतिले संस्थालाई काम गर्न स्वीकृति दिने र रीतपूर्वकको नदेखिएमा कारण सहित सम्वन्धित शाखामा फिर्ता पठाउनु पर्नेछ ।

(३) सम्वन्धित शाखाले भएको व्यहोरा सम्वन्धित पक्षलाई दिनु पर्नेछ ।

(४) संस्थालाई स्वीकृति दिदा आवश्यक शर्त सहित समेत उल्लेख गरेर स्वीकृति दिनु पर्नेछ ।

(४) संस्था सूचिकरण नहुने भए पनि बुझाएको राजश्व फिर्ता हुने छैन ।

५. नियमन गर्ने :(१) सूचिकृत संस्थाले शर्तहरु पालना गरे नगरेको,समयमा काम सम्पन्न गरे नगरेको सम्बन्धमा कार्यालयबाट समय समयमा निरीक्षण अनुगमन गर्नु पर्नेछ ।

(२) अनुगमनको वखत शर्तहरुको बर्खिलाप गरेको वा कानूनमा निषेध गरेका कुरा गरेका पाइएमा त्यस्ता संस्थालाई दिएको स्वीकृति रद्दको लागि कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(३) कार्यपालिकावाट बर्खिलाप (कसुर) को अवस्था हेरी रु. ५ हजारसम्म जरिवाना गर्ने वा सूचिकृत खारेज तथा कालो सूचिमा राख्ने सम्मको कारवाही गर्न सक्नेछ ।

६. गर्न निषेध गरेका कुराहरु :(१) देहायका कुराहरु गर्न निषेध गरिएको छ ।

(क) नेपालको सार्वभौमसत्ता विरुद्धका क्रियाकलाप गर्ने,
(ख)जातिय द्वयस फैलाउने क्रियाकलाप गर्ने,
(ग) प्रचलित नेपाल कानूनले गर्न निषेध गरेका कुराहरु गर्ने,
(घ) जवरजस्ती वा विभिन्न प्रलोभनमा पारी धर्म परिवर्तन गराउने वा गराउन प्रयत्न गर्ने,
(ङ) सामाजिक सदभाव भड्काउने, सामाजिक संरचनामा खलल् पुऱ्याउने वा पारिवारिक संरचनामा खलल् पुऱ्याउने खालका क्रियाकलाप गर्ने,

## परिच्छेद - ३
## विविध

७. संस्थाले काम गर्ने गरी स्वीकृति लिएकोमा काम सम्पन्न भएपछि सो को प्रतिवेदन कार्यलयमा पेश गर्नु पर्नेछ ।

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
त्रिवेणी, सल्यान
५ नं. प्रदेश,नेपाल

०८/५/०/१
गाउँपालिका अध्यक्ष